# कालीगण्डकी ए प्रभावित क्षेत्र सरोकार समिति
## श्रीकृष्णगण्डकी गाविस, मिर्मी, स्याङ्जा

## उचित मुआब्जा तथा क्षतिपूर्ति नपाए सर्वोच्चमा मुद्दा दायर गरिने

***प्रेस विज्ञप्ति***

२०६२ भदौ २४

कालीगण्डकी ए प्रभावित क्षेत्र सरोकार समितिद्वारा आयोजित "कालीगण्डकी आयोजनाबाट उत्पन्न समस्याको बारेमा के भन्छन् स्थानीय बासिन्दाहरू" विषयक आज एक अन्तर्क्रिया कार्यक्रम जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालको सभाकक्ष, पुतलीसडकमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा आयोजनाबाट उत्पन्न आर्थिक, सामाजिक तथा वातावरणीय असर, आयोजनाबाट विस्थापित आदिवासी बोटे परिवारको वर्तमान स्थिति, आयोजनामा भएको व्यापक आर्थिक अनियमितता बारे छलफल भएको थियो । कार्यक्रममा हाल आयोजनाको मिर्मि-बेल्टारीस्थित कार्यालयहरूमा कार्यरत स्थानीय कामदारहरुलाई आयोजनाले निकाल्ने प्रक्रिया थालेपछि उत्पन्न विवाद र स्थानीय सरोकारबारे स्थानीय प्रतिनिधि कामदारहरू तथा पीडित पक्षले प्रकाश पारेका थिए ।

कार्यक्रममा कृष्णगण्डकी गाविसका निर्वतमान उपाध्यक्ष वेदप्रकाश भट्टराईले आयोजनासम्पन्न भएको दुईवर्ष बितिसक्दा पनि आयोजना पीडित जनताले अझै मुआब्जा पाउन नसकेको, आयोजनाबाट उत्पादित बिजुली त्यसै क्षेत्रका जनताले बाल्न नपाएको, आयोजनाले भने बमोजिमका कुनै पनि कामहरु हुन नसकेको आरोप लगाउनु भयो ।

स्थानीय पीडित बृद्धा टिकीसरा भट्टराईले आयोजनाले अधिग्रहण गरेको आफ्नो जग्गाको न्यायोचित मुआब्जा पाउन नसकेको अवस्थामा फेरी आयोजनाको सुरक्षाका लागि भनेर शाही नेपाली सेनाले आफ्नो जग्गामा ब्यारेकका राखेपछि बाँकी रहेको जग्गापनि अधिग्रहणमा परेको तर सो जग्गाको पनि मुआब्जा नपाउदा आफू बिचल्लीमा परेको दुखेसो पोख्नु भयो । पुस्तौदेखि भोग चलन गरी तिरो तिर्दै आएको आफ्नो जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्ति नपाउनु र आयोजनाको मिर्मीस्थित कार्यलयमा पियन दर्जामा कार्यरत छोराको रोजगारसमेत खोसिनुले आफुमाथि ठूलो अन्याय भएको कुरा उहाँले बताउनु भयो ।

हाल परियोजनास्थल मिर्मी-बेल्टारीका कार्यलयहरुमा कार्यरत मोतिलाल विश्वकर्मा, पुरूषोत्तम अधिकारी, टिका न्यौपाने, चिरन्जीवी अधिकारी, ओमप्रकाश भट्टराई लगायतले परियोजनाले पूर्व सहमति विपरीत स्वइच्छाचारी ढंगले पुराना कर्मचारीलाई हटाइ नयाँ कर्मचारी भर्ना गर्ने प्रक्रिया थालेपछि आफूहरु विस्थापित हुनु पुगेको धारणा सामूहिक रुपमा राख्नु भयो । आफूहरु आयोजनाका पुराना कर्मचारी भएपनि आयोजनाले पछिल्लो पटक नक्कली विज्ञापन आह्वान गरी नयाँ कर्मचारीहरु भर्ना गरेबाट आफूहरुमाथि ठाडो अन्याय भएको धारणा सबैको थियो । आफ्ना न्यायोचित माग पूरा नभए आफूहरु सर्वोच्च अदालतको ढोका ढकढक्याउन बाध्य भएको कुरा बताउनु भयो । कार्यक्रममा पत्रकार, बुद्धिजीवी, जलस्रोतविदहरुको सक्रिय सहभागिता रहेको थियो ।